ཁུམ་བུ་པ་སངས་ལྷ་མོ་གྲོང་སྡེ།

# खुम्बु पासाङल्हामु गाउँपालिका

Khumbu Pasanglhamu Rural Municipality

गाउँ कार्यपालिकाको कार्यालय, चौंरीखर्क, सोलुखुम्बु, कोशी प्रदेश, नेपाल

Office of the Rural Municipal Executive, Chaurikharka, Solukhumbu, Koshi Province Nepal


प.सं. : ०८०।०८१

मिति: २०८१।०१।१०

च.नं. :

विषय : कानुन विपरितका कार्यहरू बन्द गर्ने सम्बन्धी सूचना !

ङिम दोर्जी शेर्पा पर्यटन सडक खुम्बु पासाङल्हामु गाउँपालिका अन्तर्गत पर्ने र गाउँपालिकाको विशेष सक्रियतामा निर्माणाधीन सडक रहेको व्यहोरा विदितै छ । जिल्ला प्रशासन कार्यालय सोलुखुम्बुमा मिति २०८०/०६/०७ गते सल्लेरी देखि थामडाँडासम्मको गाडी भाडा पुनरावलोकन गर्न बसेको बैठकको निर्णय र यातायात सुरक्षा व्यवस्थाको प्रतिकुल हुने गरी मनोमानी ढङ्गले गाडी भाडा असुल्ने, सिट क्षमता भन्दा बढी यात्रीहरु चढाउने, भारवहन क्षमताभन्दा बढी समान बोक्ने, रिजर्व गर्नुपर्ने बाध्यात्मक अवस्था सिर्जना गरि मनोमानी भाडा लिने, ध्वनि प्रदुषण हुने गरि अनावश्यक हर्न बजाउने एवं गितसङ्गीत बजाउने लगायतका कार्यहरु यातायात व्यवसायी एवं अन्य सवारी धनीहरुबाट भएको भन्ने गुनासोप्रति गाउँपालिकाको गम्भीर ध्यानाकर्षण भएको छ । यस्ता कार्यहरु गर्नु गराउनु प्रचलित कानुन विपरित हुने भएकाले नियमनकारी सबै निकाय एवं सरोकारवालाहरु सबैले यस्ता कार्यको नियन्त्रणको लागि आ-आफ्नो स्थानबाट विशेष सहयोग पुर्याउनु हुन हार्दिक अनुरोध गर्दछौं । उल्लेखित कार्यहरुको अनुगमन तथा नियमन गर्न गाउँपालिकाबाट विशेष जिम्मेवारी सहितको अनुगमन टोलि समेत खटाइने व्यहोरा जानकारी गराउँदै उल्लेखित गैरकानुनी कार्यहरु तत्काल बन्द गर्नु/गराउनुहुन यो सूचना प्रकाशन गरिएको छ ।

सुजन कुमार बुढाथोकी
प्रशासकीय अधिकृत


Email: ito.khumbupasanglhamumun@gmail.com, info@khumbupasanglhamumun.gov.np
Phone: +97738590046